

# सोह्रौं वार्षिक सामाजिक लेखाजोखा

२०८०, असोज २६

CSRC
आत्मनिर्भर केन्द्र

सर्वाधिकार ©ः सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

प्रकाशन मिति : कात्तिक, २०८०

प्रकाशक
**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
भूमिघर, टोखा-७, धापासी, काठमाडौं, नेपाल
फोन : ९७७-१-४९३६०४८६
Email: landrights@csrcnepal.org
URL: www.csrcnepal.org

डिजाइन
**बिक्रम चन्द्र मजुमदार**
bmajumdar33@gmail.com

मुद्रण :
**नेबुला प्रिन्टिङ प्रेस**

# सोह्रौँ वार्षिक सामाजिक लेखाजोखा

२०८०, असोज २६

# सामाजिक लेखाजोखाबारे

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी) भूमि अधिकार अभियानको सहजीकरण गरिरहेको संस्था हो। संस्थाले सन् २००८ देखि प्रत्येक वर्ष सामाजिक लेखाजोखा गर्दै आएको छ। यो १६औँ सामाजिक लेखाजोखा हो। सामाजिक लेखाजोखा संस्थाको मुख्य काम, नतिजाहरू, आर्थिक स्थिति सार्वजनिक गर्न र पृष्ठपोषण लिन प्रभावकारी लागेर निरन्तरता दिँदै आएको हो। यो २, ३ घण्टाको कार्यक्रम हो। तर हामी वर्षभरि नै सामाजिक लेखाजोखामा उभिनुपर्छ भनेर काम गरिरहेका हुन्छौँ।

संस्थाले भूमि अधिकारको जुन सवाल बोकेको छ, यो सबैको जीवनसँग जोडिएको विषय हो। यो सीमान्तकृत समुदायका लागि अझ महत्त्वको छ। संस्थाले प्रत्येक आवासबिहीनको आवास र किसानको खेती गर्ने जग्गाको सपनामा सघाउने अठोट लिएर कार्य गरिरहेको छ। यो नै हामी काम गर्ने ऊर्जा हो।

भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जमिन वितरण र अव्यवस्थित बसोबासीको व्यवस्थापन कार्य अगाडि बढाउन नयाँ रणनीति आवश्यक छ। नीति र प्रणालीमा हेरफेर गर्नुपर्छ। अब भूमि वितरणको कामलाई एउटा निष्कर्षमा पुऱ्याउनुपर्छ।

जति भूमि वितरणको काम महत्त्वपूर्ण छ, त्यत्तिकै भूउपयोग र कृषि भूमि संरक्षणको काम पनि। त्यसैले भूउपयोगको विषयलाई पनि सँगसँगै लानुपर्छ। यसलाई स्थानीय तहले अघि बढाइरहेका छन्। कृषि भूमि महत्त्वपूर्ण क्षेत्र हो। यसलाई जोगाउनुपर्छ। पछिल्लो समय कृषि भूमि मरुभूमीकरण हुने क्रम बढ्दो छ। यत्तिकै छाडिदिने हो भने अबको ५० वर्षपछि हामीसँग कति कृषियोग्य जमिन बाँकी रहला ? त्यसो भएकाले संस्थाले सकी/नसकी भूउपयोगको काममा सघाइरहेको छ।

जलवायु परिवर्तनलगायतका कारण परिवेशमा धेरै फरक भएको छ। अब नयाँ परिवेशमा आन्दोलनको सवाल पनि पुनर्गठन गर्नेतर्फ संस्थाले सचेत कदम चालिरहेको छ। नीतिगतका अलावा प्रत्येक परिवार र समुदायमा रहेका भूमिसम्बन्धी विषयको पहिचान र समाधानका लागि भूमि साक्षरताको कार्यक्रमलाई पनि अघि बढाउन गृहकार्य भइरहेको छ।

हामी हरेक दिन सिक्दै र गर्दैछौँ। हामी आगामी दिनमा अझ केन्द्रित भएर अभियान र आन्दोलनमुखी काम गर्नेछौँ। व्यस्त समयलाई व्यवस्थापन गरेर आजको कार्यक्रममा हामीलाई समय दिनुभएका प्रमुख अतिथि, अतिथि, समुदायका अगुवा, स्थानीय तहका जनप्रतिनिधि र उपस्थित सबैप्रति संस्था कृतज्ञ छ। सामाजिक लेखाजोखाको प्रतिवेदन यहाँहरूलाई उपयोगी हुने अपेक्षा गरेको छु। अर्को सामाजिक लेखाजोखामा फेरि भेट्ने नै छौँ।

**जगत देउजा**
**कार्यकारी निर्देशक**

# कार्यक्रमको सुरूवात



सुष्मा न्यौपाने
भूमि अधिकारकर्मी

सबैमा जय भूमिको अभिवादनसहित यहाँहरू सम्पूर्णलाई हार्दिक स्वागत गर्दछु।

सामाजिक लेखाजोखामा संस्थाको आर्थिक वर्ष २०७९/८० का मुख्य प्रगति, आर्थिक स्रोत उपयोगसम्बन्धी प्रस्तुत गरी छलफल गर्नेछौं। संस्थाबाट सञ्चालित गतिविधि र त्यसको प्रभाव समेटी तयार गरिएको भिडियो प्रस्तुति हेर्नेछौं। खुला छलफल गर्नेछौं।

कार्यक्रमको सबै भन्दा महत्त्वपूर्ण र आकर्षक पाटो संस्था र यसको गतिविधिका सम्बन्धमा समुदाय तथा सरोकारवालाको प्रतिक्रिया, जिज्ञासा, सुझाव र पृष्ठपोषणहरू लिनेछौं। र, अतिथिहरूको मन्तव्यसहित अध्यक्षज्यूबाट कार्यक्रम समापन गर्नेछौं।

# विषय सूची

कार्यक्रमको सुरूवात १
आर्थिक वर्ष २०७९/०८० का प्रमुख उपलब्धि २
घटना अध्ययन १२
आर्थिक प्रगति विवरण १७
लेखापरीक्षकको विश्लेषण २३
खुला छलफल २४
मन्तव्य २७
अध्यक्षको मन्तव्य ३३
सहभागीबाट प्राप्त सुझाव एवं पृष्ठपोषण ३५

# आर्थिक वर्ष २०७९/०८० का प्रमुख उपलब्धि



कल्पना कार्की
अभियान संयोजक

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र भूमि अधिकारको क्षेत्रमा कार्यरत अग्रणी सामाजिक संस्था हो। यो संस्था भूमिहीन, कृषि श्रमिक, साना एवं जोताहा किसान मूलतः दलित, महिला, आदिवासी समुदायको भूमि अधिकारको सुनिश्चितता एवं न्यायपूर्ण भूमि-कृषि व्यवस्थाका लागि क्रियाशील छ। भूमि-कृषिको परिवेश विश्लेषण, समुदायको समग्र सशक्तीकरण, कार्यगत अनुसन्धान र भूमि अधिकार दाबीका लागि संस्थाले सहजीकरण गरिरहेको छ। निरन्तर सिकाइ र ज्ञान निर्माणका माध्यमबाट संस्थाको मूल लक्ष्य प्राप्तिमा दृढतापूर्वक लागिरहेको छ।

हाल संस्था अभियान तथा विभिन्न कार्यक्रमहरू १५ जिल्लाका १३ नगरपालिका र १३ गाउँपालिकाका ३ हजार ३ सय ५७ घरधुरीसँग प्रत्यक्ष जोडिएको छ।

## वर्तमान परिवेश

भूमि व्यवस्थाको क्षेत्रमा पछिल्ला वर्षमा केही नीतिगत र संरचनागत सुधार भएका छन्। भूमि नीति, भूउपयोगसम्बन्धी कानुन, भूमिसम्बन्धी ऐन आठौँ संशोधन र भूमि आयोग गठन उल्लेख गर्न लायकका कदम हुन्। यद्यपि भूमि वितरणको काम अपेक्षाअनुरूप अघि बढ्न सकेको छैन। कानुनी र व्यावहारिक दुवैखाले चुनौती देखापरेका छन्।

स्थानीय सरकारले भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको लगत लिने, तिनको प्रमाणीकरण गर्ने, जग्गा नापजाँच गर्ने आदि कार्य निरन्तर गरिरहेका छन्। ३ हजार ७ सय ४८ परिवार भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीले जमिनको पुर्जा प्राप्त गरेका छन्। ९ लाख १ हजार ८ सय ४ परिवारको लगत प्रविष्टि भएको छ।[१]

सरकारले जारी गरेको निर्देशनअनुसार स्थानीय तहहरूले भूउपयोग वर्गीकरणको कामलाई अघि बढाउने क्रममा १९१ स्थानीय तहले[२] जग्गाको वर्गीकरण गरिसकेका छन्। तर सङ्घीय सरकारले कित्ताकाटको विषयलाई खुकुलो बनाउन भूउपयोग नियमावली संशोधन गरेपश्चात भूमिको वर्गीकरण र योजना तय गर्ने कार्यमा शिथिलता देखिएको छ।

१ राष्ट्रिय भूमि आयोगको विवरणअनुसार (https://nlc.gov.np/)

२ https://www.onlinekhabar.com/2023/08/1350766

संविधानको मर्मअनुसार भूमि सुधारको प्रयास अघि बढेको छैन । विविधतापूर्ण भूसम्बन्ध भएका हाम्रो नेपाली सामाजिक संचरनालाई सम्बोधन गर्न भूशासनको स्थानीयकरण महत्त्वपूर्ण भए पनि यसतर्फ ठोस काम अघि बढेको छैन । ठूला व्यापारी, स्वदेशी एवं विदेशी कम्पनीहरू भूमि र कृषिको क्षेत्रमा लगानी बढाउन उद्यत छन् । यसले साना र गरिबहरूको किसानी कर्ममा नकारात्मक असर पर्ने देखिन्छ । मोही किसानको जग्गा बाँडफाँटमा पनि ठोस प्रगति हुन सकेको छैन ।

जलवायु परिवर्तनको प्रभाव जल, जमिन र जङ्गल (पर्यावरण) मा बढ्दो छ । जसले गर्दा समग्र कृषि क्षेत्र खस्किएको छ । र, यसको मारमा भूमिहीन, साना तथा सीमान्तकृत किसान परेका छन् । जलवायु परिवर्तनका कारण प्रकोपको जोखिम पनि बढेको छ । बाढी, पहिरो एवं विपद्का घटना बढिरहेका छन् ।

## (क) आ.व. २०७९/२०८० का प्रमुख उपलब्धि

### रणनीतिक प्राथमिकता : १ भूमि-कृषि आन्दोलनको समग्र सुदृढीकरण र विस्तार

भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासी व्यवस्थापनका लागि १६ स्थानीय तहसँग सहकार्य गरिएको छ । जसअनुसार ६,०७८ भूमिहीन दलित, ११,०३० भूमिहीन सुकुमबासी र ७८,४४० अव्यवस्थित बसोबासी घरधुरीको व्यवस्थापन कार्य अघि बढिरहेको छ । तीमध्ये ५ स्थानीय तहमा ८५१ परिवारले राष्ट्रिय भूमि आयोगबाट ११६.१७ हेक्टर जमिनको जग्गा धनी प्रमाण पुर्जा प्राप्त गरेका छन् ।



स्थानीय भूउपयोग योजना तर्जुमा कार्यलाई पनि संस्थाले प्राथमिकतामा राखी १७ स्थानीय तहलाई सहयोग पुऱ्याउँदै आइरहेको छ। भूउपयोग योजना तर्जुमासम्बन्धी अभिमुखीकरण र प्राविधिक सहयोग पुऱ्याइएको छ। जसमध्ये वेदकोट नगरपालिका, पाँचपोखरी थाङ्पाल गाउँपालिका र कालिका गाउँपालिकाको भूउपयोग वर्गीकरण, नक्सा अद्यावधिक र योजना तर्जुमा भएको छ। बाँकी स्थानीय तहमा भूमि वर्गीकरणको मापदण्ड निर्धारण, समुदाय र वडा तहबाट सूचना सङ्कलन, आधारपत्र एवं सोचपत्र तर्जुमाको कार्य भएको छ।

भूमि अधिकारबाट वञ्चित समुदायको सङ्गठन निर्माण, तिनको सबलीकरण र लक्ष्य प्राप्तिका लागि २५ जिल्ला भूमि अधिकार मञ्चलाई जिल्ला सम्मेलनका लागि आर्थिक एवं प्रक्रियागत सहयोग गरिएको छ। यी जिल्लामा भूमि अधिकार, सङ्गठन, नेतृत्व आदिबारे छलफलका साथै नयाँ नेतृत्व चयन भएको छ। ५ जिल्ला भूमि अधिकार मञ्च (रौतहट, महोत्तरी, सप्तरी, रसुवा र सिन्धुपाल्चोक) सँग वार्षिक योजना कार्यान्वयनका लागि समझदारी भएको छ।

सामाजिक रूपान्तरणका लागि सामाजिक आन्दोलन र सङ्गठन विषयक ३ दिने २ वटा तालिम अगुवा कार्यकर्ताका लागि सम्पन्न गरिएको छ। रूपन्देहीको देवदह, रसुवाको कालिका र सुर्खेतको वीरेन्द्रनगरमा भूमि अधिकारसम्बन्धी वकालतीय तथा नेतृत्व सिप विकास तालिम भएको छ। तालिमपश्चात जिल्लागत सङ्गठनको हालको अवस्थाको नक्शाङ्कन एवं विश्लेषण, सङ्गठन सुदृढीकरणको योजना बनाउन मद्दत पुगेको छ।

रसुवा जिल्लाको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाबाट प्रभावित परिवार एवं समुदायमा आदिवासी जनजाति विकास योजना कार्यान्वयनका लागि आदिवासी जनजाति बोर्डलाई सहयोग गरिएको छ। यस सहकार्यबाट आदिवासी जनजाति विकास योजना सञ्चालन निर्देशिका, २०८० तयार भएको छ।

## रणनीतिक प्राथमिकता : २ भूमि-कृषि सवालमा ज्ञान निर्माण, कार्यगत अनुसन्धान र प्रकाशन

यो आर्थिक वर्षमा संस्थाले भूमि कृषिसँग सम्बन्धित अनुसन्धान प्रतिवेदन, नीतिहरूको सङ्गालोलगायत विभिन्न १४ प्रकारका प्रकाशन गरेको छ।

भूउपयोगसम्बन्धी सिकाइ पुस्तिका प्रकाशन गरिएको छ। स्थानीय तहमा भएको अभ्यास र सोको सिकाइका आधारमा पुस्तिका प्रकाशन गरिएको छ।

ह्याबिट्याट फर ह्युम्यानिटी नेपाल, ल्यान्डेसा र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको संयुक्त सहकार्यमा राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित, भूमिहीन सुकुमबासी, अव्यवस्थित बसोबासीलगायतको व्यवस्थापनका लागि गरिरहेको कार्यमा आइपरेका चुनौती र सोको समाधानको विकल्प पहिचान गर्ने खोजमूलक अध्ययन गरी सुझावसहित आयोग र भूमि व्यवस्था, सहकारी तथा गरिबी, निवारण मन्त्रालयलाई बुझाइएको छ। यो प्रतिवेदनले सुझाएका सुझावलाई सम्बन्धित निकायबाट क्रमशः सम्बोधन गर्ने प्रतिबद्धता प्राप्त भएको छ।




कञ्चनपुरको खल्ला, टुँडिखेल र मुसेट्टी समुदाय एवं डडेलधुराको परशुराम नगरपालिकाको बालुवाटार, आलिताल गाउँपालिकाको चौड र भावरको परिवेश विश्लेषणको प्रतिवेदन तयार भएको छ।

नेपालमा भूसम्बन्ध विषयमा अध्ययन भई विश्लेषणात्मक प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनले भूसम्बन्धका विविध विषय उजागर गरेको छ।

## रणनीतिक प्राथमिकता : ३ भूमि-कृषिसम्बन्धी नीतिगत बहस र सुशासन प्रवर्द्धन

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले कमैया श्रमिकको पुनर्स्थापनासम्बन्धी कार्यविधि तयार गरेको छ। उक्त कार्यविधिका विषयमा समुदाय, मधेस प्रदेश र राष्ट्रिय तहमा छलफल भई सरकारलाई सुझाव पेस गरिएको छ।

विश्व खाद्य दिवशको सन्दर्भमा भूमिहीन तथा साना किसानहरूको खाद्य सम्प्रभुता विषयक नीतिगत सम्वाद भएको छ। शहरी सुकुमबासीको सवालमा सरोकारवालाबीच बृहत् छलफल र व्यापक सञ्चार अभियान गरियो। उक्त छलफलले सम्बन्धित निकायबीच संवादको वातावरण तयार भएको छ।

रूपन्देहीको देवदह नगरपालिकामा भूमि अधिकार तथा भूउपयोगसम्बन्धी संवाद भएको छ। अव्यवस्थित बसोबासीको जग्गा दर्ताको क्रममा सरकारलाई बुझाउनुपर्ने राजस्व बढी भएको विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने नगरपालिकाका जनप्रतिनिधिहरूले प्रतिबद्धता जनाउनुभएको छ।

सिन्धुपाल्चोकका गुठी किसानका प्रतिनिधि र भूमि व्यवस्था मन्त्रालय, गुठी संस्थानबीच गुठी जग्गाको मोहीले



बुझाउनुपर्ने चर्को कुत घटाउनुपर्ने विषयमा छलफल भयो । कुतको दर घटाउने र गुठियार वा पुजारीलाई कुत बुझाएका किसानबाट दोहोरो कर नलिने गरी आवश्यक निर्णय गर्ने गुठी संस्थानका अधिकारीले बताएका छन् ।

भूशासनको स्थानीयकरणबारे २ पटक सिकाइ कार्यशाला भयो । यो कार्यशालाबाट स्थानीय तहमा जग्गा नापी, सरकारी तथा सार्वजनिक जग्गाको उपयोग, भूउपयोग योजना र जग्गाको वर्गीकरण प्रक्रियामा आएका अलमल र अस्पष्टताहरू हटाउन मद्दत पुगेको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको आयोजना र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहकार्यमा ललितपुरमा एकीकृत भूमि ऐनसम्बन्धी कार्यशाला भयो । कार्यशालामा एकीकृत कानुनमा समावेश गर्ने मुख्य विषय र त्यसका प्रावधानको प्रारम्भिक खाका तयार भएको छ ।

## रणनीतिक प्राथमिकता : ४ दिगो कृषि, कृषि सहकारी र सुरक्षित जीविका प्रणालीको विकास

दिगो कृषि, सहकारी र सुरक्षित जीविका प्रणालीका लागि भूमिहीन तथा साना किसानका लागि जलवायु उत्थानशील कार्यक्रम कार्यान्वयन भइरहेको छ । कार्यक्रमबाट महोत्तरीको गौशाला नगरपालिका र सिन्धुपाल्चोकको पाँचपोखरी थाङ्पाल गाउँपालिकाका ८ सय ५७ परिवार प्रत्यक्ष लाभान्वित भएका छन् ।

पाँचपोखरी थाङ्पाल गाउँपालिका-२ का किसानले बाँझो जमिन उपयोगमा ल्याइ ४७० क्विन्टल आलु उत्पादन गरेका छन् । महोत्तरी गौशाला नगरपालिकाका-१२ स्थित लक्ष्मीनियाँका १६ परिवारले ४ हेक्टर जमिनमा तरकारी खेती गरेका छन् । त्यस्तै नयाँबस्तीका मुसहर समुदायका १९ घर ले ७ कठ्ठा बाँझो जग्गा उपयोगमा ल्याइ तरकारी खेती गरेका छन् ।



रौतहटको गुजरा नगरपालिका- ५ जनचेतना गाउँ भूमि अधिकार मञ्चका सदस्यले २ बिघा ५ कठ्ठा जग्गा भाडामा लिइ गरेको खेतीबाट १०५ क्विन्टल मकै उत्पादन भएको छ।

माइक्रोक्रेडिट टु मदर्ससँगको सहकार्यमा बाँके, बर्दिया र कैलालीका ६ वटा सहकारीलाई २२ लाख ७० हजार आर्थिक सहयोग प्रदान गरिएको छ। सहकारीका ६९ सदस्यले साना एवं खुद्रा पसल सञ्चालन, पशु पालन, तरकारी एवं कृषि खेती गरी आम्दानी लिन थालेका छन्। सहकारीमा सङ्गठित ८८५ सदस्यको आर्थिक एवं सामाजिक स्तरमा सुधार भइरहेको छ।

## रणनीतिक प्राथमिकता ५ : भूमि-कृषि सवालको विश्वव्यापी आन्दोलन र सञ्जाल सुदृढीकरणमा योगदान

दक्षिण एसियामा जलवायु परिवर्तनको सन्दर्भमा महिला र आदिवासी जनजातिको भूमि अधिकार सुरक्षासम्बन्धी क्षेत्रीय नीति संवाद भएको छ। यो संवादमा ७ देशका १४६ जना सहभागी भए। संवादबाट प्राप्त सुझाव समेटेर नीतिपत्र तयार गरी वकालतका लागि उपयोगमा ल्याइएको छ।

भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रले आयोजना गरेको भूउपयोगसम्बन्धी अन्तर्राष्ट्रिय कार्यशालामा संस्थाले पनि सहकार्य गर्ने अवसर पाएको थियो। कार्यशाला भूउपयोगमा अन्तर्राष्ट्रिय ज्ञान र अनुभव प्राप्त गर्न उपयोगी भएको थियो।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सञ्चालन गरिरहेको जलवायु उत्थानशील कार्यक्रमको अनुभव खासगरी परिवेश विश्लेषण, समुदायको वास्तविक पीडितको अगुवाइ र लचिलो कार्यप्रक्रियाका विषयमा अक्सफाम नोभिवले आयोजना




गरेको सिकाइ कार्यशालामा संस्थाको अनुभवहरू आदान-प्रदान गरिएको छ। उक्त प्रस्तुतिलाई Wageningen Centre for Development Innovation ले अभिलेखन गरेको छ।

## रणनीतिक प्राथमिकता ६ : विपद् व्यवस्थापन



बाजुरास्थित गौमूल गाउँपालिकाको वडा नं. १ र २ का भूकम्प प्रभावित २३ दलित परिवारलाई प्रतिघर ७४ हजार २१ रुपियाँ बराबरको खाद्यान्न तथा अस्थायी आवास निर्माण सामग्री सहयोग गरिएको छ। जसबाट भूकम्पपीडित परिवारलाई अस्थायी आवास बनाउन सहयोग पुगेको थियो।

विपद्सम्बन्धी कार्यलाई व्यवस्थित बनाउन भोटेकोसी, उत्तरगया, नौकुण्ड गाउँपालिका र बाह्रबिसे नगरपालिकामा स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना र सञ्चालनमा सहयोग गरिएको छ। यी पालिकालाई स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, मौसम पूर्वानुमानमा आधारित पूर्वकार्य निर्देशिका, ग्रामीण सडक निर्माण निर्देशिका तयार गर्न सघाइएको छ।

विपद्को समयमा तत्काल अल्पकालीन समयका लागि आवास उपलब्ध गराउन सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका र भोटेकोसी गाउँपालिकामा १/१ वटा आपत्कालीन आश्रयस्थल निर्माण गरी स्थानीय सरकारलाई हस्तान्तरण गरिएको छ। भवन निर्माणका लागि स्थानीय सरकारले घडेरीका साथै टेवा पर्खालका लागि लगानी गरेको थियो।

बाह्रबिसे नगरपालिका-७ टङ्सारका १४ परिवारले सरकारबाट सुरक्षित घडेरी खरीद र आवास निर्माणका लागि अनुदान प्राप्त गरी सुरक्षित स्थानमा घर निर्माण गरी बसोबास गरिरहेका छन्। बस्ती स्थानान्तरणपछि बालबालिकालाई विद्यालय जानसमेत सहज भएको छ।



बाह्रबिसे नगरपालिकाका ३१, उत्तरगया गाउँपालिकाको १७ र नौकुण्ड गाउँपालिकाको ९ स्थानको भूजोखिम अवस्था अध्ययन गरी प्रतिवेदन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई बुझाइएको छ। सम्बन्धित पालिकाले प्रतिवेदनले औंल्याएका सुझावका आधारमा बजेट विनियोजन गरी पहिरो नियन्त्रणको प्रयास गरेका छन्। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी जिल्लास्तरीय कार्यशालापछि प्रदेश विपद् कोषको रकम प्राप्त गरी विपद् पूर्वतयारीका कार्य गरिरहेका छन्।

विपद् उत्तरदायी सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत भोटेकोसी गाउँपालिकाद्वारा ७५४ लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता मनसुनअगाडि नै उपलब्ध गराएको थियो। जसबाट विपद्को समयमा लाभग्राहीले उक्त रकम प्रयोग गर्न सहज भएको छ। पहिले उक्त रकम असारमा भुक्तानी गरिन्थ्यो। जसले गर्दा आवातजावतमा पनि समस्या पर्दथ्यो।

जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकमा संस्थाका तर्फबाट सूचना व्यवस्थापन अधिकृतको व्यवस्था भई ८२६ घर परिवारको सुरक्षित आवासका लागि प्रदेश तथा नेपाल सरकारबाट प्राप्त अनुदान वितरणमा सहजता भएको छ। ८२६ परिवारले पहिलो किस्ता, १०२ परिवारले दोस्रो किस्ता र २४ परिवारले तेस्रो किस्ता पाएका छन्। हालसम्म १५ करोड रुपियाँ अनुदान वितरण भएको छ।

उत्तरगया गाउँपालिका, नौकुण्ड गाउँपालिका, भोटेकोसी गाउँपालिका र बाह्रबिसे नगरपालिकामा पहिरो जोखिम न्यूनीकरणका लागि पालिकासँगको लागत साझेदारीमा बायो इन्जिनियरिङको काम भएको छ।

## रणनीतिक प्राथमिकता ७ : संस्थागत विकास

२७औँ साधारण सभाको निर्णयअनुरूप संस्थाको संशोधित विधान कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति लिइएको छ। विगतका वर्षमा जस्तै संस्थाले प्रत्येक नयाँ कार्यक्रमको समाज कल्याण परिषद्बाट स्वीकृति लिएर मात्रै कार्यान्वयन गरिरहेको छ। आन्तरिक तथा बाह्य लेखापरीक्षण भई प्रतिवेदन प्राप्त भएको छ। लेखापरीक्षणबाट प्राप्त सुझावलाई पूर्णतया कार्यान्वयन गरिएको छ।

संस्थाबाट सञ्चालित कार्यक्रमको अर्धवार्षिक र वार्षिक समीक्षा भई प्रगति, चुनौती र सिकाइको अभिलेखन गरिएको छ। संस्थाको रणनीतिपत्रअन्तर्गतका कार्यक्रम कार्यान्वयन गर्न फाउन्डेसन दि फ्रान्सले ३ वर्षका लागि आंशिकरूपमा आर्थिक सहयोग उपलव्ध गराउने सहमति गरेको छ। पहिलो वर्षका लागि तोकिएको बजेट पठाइसकेको छ। अक्सफाम नेपालसँग संस्थागत विकासका लागि सम्झौता भएको छ। जसअन्तर्गत संस्थाको संस्थागत विकासका लागि आगामी ३ वर्ष सहयोग प्राप्त हुनेछ। कर धरौटी संस्थाको खातामा फिर्ता प्राप्त भएको छ। सहयोगी संस्थाले गरेको Due Deligience Assesement सम्पन्न भएको छ।

यस वर्ष ह्याबिट्याट फर ह्युम्यानिटी (HfH), अक्सफाम नोभिव, स्टकहोम इन्भायोरोमेन्ट इन्स्टिच्युट (SEI), क्याथेलिक रिलिफ सर्भिस (CRS) सँग नयाँ साझेदारी सुरु भएको छ।



विभिन्न सहयोगी संस्था एवं समुदाय भ्रमणको व्यवस्थापन गरिएको छ। यसले संस्थाको कार्यक्रम गुणस्तरीय बनाउन साथै आर्थिक स्रोत जुटाउन मद्दत पुगेको छ।

# घटना अध्ययन

## सुरक्षित घरमा बस्न पाउँदाको खुसी



बालकुमारी देउजा बाह्रबिसे नगरपालिका-७ टङ्सारमा बस्छिन् । उनी ६१ वर्षकी भइन् । २०७२ वैशाख १२ गतेको भूकम्पले उनको घर पूर्ण क्षति हुन पुग्यो । सरकारले घर बनाउन राहत सहयोग दियो । निकै दुःख गरेर घर बनाइन् । तर राम्रोसँग बस्न पाइनन् । कारण थियो- जोखिमयुक्त पहिरो । पहिरोले दुःख दिएपछि भूकम्पपछि निर्माण गरेको घरमा पनि बस्न पाइनन्, त्यहाँबाट सर्नुपर्ने भयो ।

उनी भन्छिन्- मेरो जीवनमा कहालीलाग्दो दुःखका क्षण छन् जुन सम्झँदा पनि डर लाग्छ । घरमाथि ठूलो पहिरो थियो । दायाँ/वायाँबाट नै खोल्सी थियो । त्यही खोल्सीमा खहरे बाढी आउँथ्यो । जब पानी पर्छ तब बाँचिने आशा नै हराउँथ्यो । पहिरो बगिहाल्यो भने कतै भाग्ने ठाउँ पनि थिएन । घरमा कसैको आड/भरोसा थिएन ।

बालकुमारीको गाउँमा अरू १४ घर पनि यस्तै पीडामा थिए । २०७७ साल भदौ २८ गतेको पहिरोबाट १४ घर बिस्थापित हुन पुगे । त्यसमा बालकुमारी पनि परिन् । 'बस्न नसकिने अवस्था आएपछि प्रतिपरिवार १,२५० रुपियाँ मासिक भाडा तिरेर अरूको जग्गामा भाडा लिएर अस्थायी टहरो बनाएर बस्यौं । नगरपालिका र प्रतिबद्ध परियोजनाको सहयोगमा भौगर्भिक अध्ययन भयो । नयाँ ठाउँमा सुरक्षित जग्गा खोजी गर्न मद्दत गर्नुभयो । सरकारको सहयोगबाट घडेरी खरिद र नयाँ घर बनाउने सहयोग पायौं । जसोतसो गरेर केही रकम थपथाप गरी नयाँ घर बनायौं । अहिले नयाँ घरमा बस्न पाउँदा खुसी छु । आफ्नो खेती र नयाँ घरबीच छोटो दूरीले जीविकोपाजर्न पनि सहज भएको छ'- उनले बताइन् ।

## भूकम्पपछिको सहयोगले आगर समुदायमा ल्याएको परिवर्तन

कन्तरी चदारा बाजुराको गौमूल गाउँपालिका-२ आगरमा बस्छिन् । उनी ५५ वर्षकी भइन् । उनी पति, छोरा, बुहारी र ३ नाति/नातिनासहित बस्छिन् । उनी दलित समुदायकी हुन् जुन नेपालको सबै भन्दा सीमान्तकृत वर्गमध्ये एक हो ।

२०७९ माघ १० गतेको भूकम्पले उनको घर क्षति गर्‍यो । गाउँका थप १२ घरमा पनि भूकम्पले क्षति पुर्‍यायो । साथै गौमूल गाउँपालिकामा ५७० बढी घर परिवार प्रभावित हुन पुगे । भूकम्पबाट सबै भन्दा बढी प्रभावित समुदायमध्ये आगर पनि हो । कन्तरीको परिवार ३ पुस्तादेखि यही समुदायमा बस्दै आएको छ ।

भूकम्पपछि उनी र उनका छिमेकीहरू आफ्नो ठाउँबाट बिस्थापित भएर नदी किनारमा त्रिपालमुनि बस्न बाध्य भए । उनीहरूसँग बस्नका लागि अरू कुनै जमिन थिएन । जागिर थिएन, पर्याप्त खाना थिएन र न्यानो लुगाहरू पनि थिएनन् जसले गर्दा उनीहरूलाई झन कठिन भयो । कन्तरी भन्छिन्- हामीले यो पाल (त्रिपाल) मुनि धेरै चिसा रात बितायौं ।



चिसो र कठोर रातमा धेरै कष्ट र असुरक्षाका साथ भुटेको मकै मात्र खायौँ । हामीसँग केटाकेटीलाई न्यानो राख्न पर्याप्त लुगाफाटा, सिरक र कपडासमेत थिएनन् ।

उनी थप्छिन्- सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका प्रतिनिधिहरू गाउँमा आउनुभयो । भूकम्पले पुऱ्याएको क्षतिको अवलोकन गर्नुभयो । हामीहरूको आवश्यकता बुझ्नुभयो । सहयोग गर्ने बताउनुभयो । वर्ल्ड जिविस रिलिफबाट प्राप्त सहयोगबाट हामीले राहत पायौँ । संस्थाले गौमूल गाउँपालिकाका जनप्रतिनिधिसँग पनि समन्वय गर्नुभयो । हाम्रो गाउँका १२ परिवारलाई नै संस्थाले राहत सहयोग प्रदान गऱ्यो ।

राहत सहयोगले आफ्नो, परिवार र समुदायकै जीवनमा उल्लेखनीय परिवर्तन आएको उनले बताइन् । उनी भन्छिन्- चामल, दाल, तेल, नून, साबुन, कम्बल, फाइबर सिरक, तन्ना, डस्ना जस्ता राहत सामग्रीहरू उपलब्ध गराइएको थियो । साथै अस्थायी आवास निर्माणका लागि पनि सामग्रीहरू (जस्ता पाता, प्लेन सिट, किला काँटी) पनि प्राप्त गऱ्यौँ । यसबाट सहजसँग बस्न सहयोग पुग्यो । 'यस्तो सहयोगले हामीलाई धेरै खुसी पनि मिल्यो र सुरक्षाको अनुभूति पनि भयो'- उनले खुसीसाथ व्यक्त गरिन् ।



कन्तरीले कृतज्ञता व्यक्त गर्दै भनिन्- सहयोगका लागि हामी निकै खुसी छौँ र सहयोगी संस्थाप्रति आभारी पनि छौँ। हामीले आफ्नो आवश्यकताअनुसार सहयोग पायौँ, यी सामग्री गुणस्तरीय पनि लाग्यो। सरकारबाट छिट्टै पुनर्निर्माण सहयोग प्राप्त हुने र भत्किएका घर निर्माण हुने आशा पनि छ।

आत्मनिर्भर केन्द्रले गौमूलका वडा नं. १ र २ का २३ दलित परिवारलाई राहत सामग्री उपलब्ध गराएको थियो। साथै अस्थायी आवासका लागि पनि सहयोग उपलब्ध गराएको थियो। यसबाट भूकम्पपीडित परिवारलाई राहत महसुस भएको छ।

## आइपिपी कार्यान्वयनमा पैरवी अभियान : सहजीकरण र उपलब्धि

रसुवाको हाकु र मैलुङ क्षेत्रमा २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना निर्माण भइरहेको छ। आमाछोदिङ्मो र उत्तरगया गाउँपालिकामा पर्ने यो आयोजना करिव ६३ अर्ब रुपियाँ लागतमा कोरियाली कम्पनी नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि.ले निर्माण गरिरहेको छ।

आइपिपी बोर्डका पूर्वअध्यक्ष एवं वरिष्ठ सल्लाहकार मानबहादुर तामाङ भन्छन्- कम्पनीले आयोजना प्रभावित क्षेत्रका आदिवासी जनजातिहरूको स्थानीय प्रथा, परम्परा, भाषा, धर्म र संस्कृति संरक्षणमा सहयोग गर्ने प्रतिबद्धता गरेको थियो। यस्तो प्रतिबद्धता किन पनि गरिएको थियो भने स्थानीय आदिवासी जनजातिले पुस्तौँदेखि उपभोग गर्दै आएको जमिन, जल र जङ्गलगायत प्राकृतिक स्रोत, अब कम्पनीले गर्नेछ। त्यसका लागि कम्पनीले स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) गरेको थियो।



लगानीकर्ताको अनिवार्य सर्तअनुसार र आइएफसीको कार्यसम्पादन मापदण्ड-७ अनुसार एफपिक गर्नुपरेको थियो। यो योजनामा आइएफसी, एडिबी, एआइआइबी र एफएमओलगायत ९ वटा बैङ्कको लगानी छ।

२०७५ कात्तिक १५ गते त्रिपक्षीय (कम्पनी, स्थानीय सरकार र प्रभावित क्षेत्रमा आदिवासी जनजातिका प्रतिनिधिबीच) सम्झौता भयो। सम्झौता हुँदा कम्पनीले ११ लाख २५ हजार अमेरिकी डलर अर्थात करिव १४ करोड नेपाली रुपियाँ उपलब्ध गराउने प्रतिबद्धता गऱ्यो। यो योजना कार्यान्वयनका लागि आदिवासी जनजाति विकास योजना सञ्चालन (आइपिपी) बोर्ड गठन भयो। प्रत्यक्ष प्रभावित १० गाउँ (मैलुङ, गोगने, थङ्कु, हाकुबेसी (कक्सिङ), फूलबारी, गुम्चेत, तिरु, ठूलो हाकु, सानो हाकु र नेसिङ) यसमा समेटिए र सल्लाहकार परिषद्हरू गठन भएको थियो।

आइपिपी बोर्डका अध्यक्ष लाक्पा तामाङ भन्छन्- कम्पनीको प्रतिबद्धतापछिको ५ वर्ष बितिसक्दा पनि आइपिपी कार्यान्वयन हुन सकेन। जबकि त्रिपक्षीय सम्झौतामा यसको कार्यावधि नै ५ वर्ष तोकिएको थियो। २०७९ भदौ १३ गते आइपिपी बोर्ड पुनर्गठन गरियो।

सन् २०२० देखि अध्येता नवीन राईले 'नेपालमा स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) माथिल्लो त्रिशूली-१, जलविद्युत् आयोजना (२१६ मेगावाट), अन्तर्राष्ट्रिय वित्तीय निगम (आइएफसी) कार्यसम्पादन मापदण्ड

पालनासम्बन्धी स्वतन्त्र अध्ययन' गरेका थिए । सन् २०२२ मा तयार भएको प्रतिवेदनले एफपिक गर्दा भएका केही कमी/कमजोरी र लामो समय बितिसक्दा पनि आइपिपी कार्यान्वयन हुन नसकेको विषयहरू उठान गऱ्यो । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले प्रतिवेदनमा सुझाइएका विषयहरूको कार्यान्वयनका लागि पहल लिने एवं आइपिपी कार्यान्वयनका लागि रणनीतिक सहयोग गर्न पैरवी अभियान अक्सफाम नोभिवको सहकार्यमा अक्टोबर २०२२ देखि सुरुवात भयो ।

आत्मनिर्भर केन्द्रले अभियान सुरुवात गरेपछि आइपिपी बोर्डका पुराना र नयाँ पदाधिकारी एवं सदस्यहरूसँग भेटघाट, छलफल र संवादहरू भयो । स्थानीय सरकारका प्रतिनिधिहरूमार्फत विवाद समाधानका लागि पनि पहलहरू लिइयो । अध्येता नवीन राईको अध्ययन प्रतिवेदनको सारांश अनुवाद गरी नेपाली र तामाङ भाषामा प्रकाशन गरी वितरण गरियो । यसले समुदाय सचेतीकरणमा ठूलो भूमिका खेल्यो । कम्पनीका कर्मचारीहरूसँग निरन्तर गरिएको छलफलबाट राम्रो सम्बन्ध स्थापना हुनुका साथै सहयोगी वातावरण बन्दै गएको छ ।

आइपिपी बोर्डकी सदस्य एवं उत्तरगया गाउँपालिकाका कार्यपालिका सदस्य बुटी तामाङ भन्छिन्- आत्मनिर्भर केन्द्रको सहजीकरणपछि नै जारी विवाद अन्त्य भयो र आइपिपी कार्यान्वयनमा जाने बाटो तय हुँदै गएको छ ।

आइपिपी बोर्डका वरिष्ठ उपाध्यक्ष छेकु तामाङ भन्छन्- आत्मनिर्भर केन्द्रले विवाद समाधानमा भूमिका खेल्नुका साथसाथै आइपिपी कार्यान्वयनका लागि निर्देशिका (गाइडलाइन) तयार गर्न पनि सहयोग गऱ्यो । यो हाम्रा लागि सहयोगी भएको छ ।

आइपिपी बोर्डका सचिव साङ्तेम्पा तामाङ भन्छन्- तयार भएको कार्यक्रम सञ्चालन निर्देशिका कम्पनीको प्रमुख कार्यकारी अधिकृतलाई औपचारिकरूपमा हस्तान्तरण भइसकेको छ । आइपिपी कार्यान्वयनका लागि आर्थिक स्रोत एवं मानव स्रोत व्यवस्थापनका लागि निर्देशिका तयार भई अन्तिमीकरण भएको छ ।

आइपिपी बोर्डका उपाध्यक्ष आशावीर तामाङ भन्छन्- जारी विवाद समाधानोन्मुख छ । पुरानो समितिका अगुवाहरूले पनि नयाँ संरचनालाई स्वीकार गर्दै बैठकहरूमा सहभागी हुने, आफ्नो राय राख्ने, सल्लाह दिन थालेका छन् । साथै, पारित भएको निर्देशिकामा उनीहरूले पनि हस्ताक्षर गरेका छन् । यसले आइपिपी कार्यान्वयनमा सकारात्मक वातावरण तयार हुँदै गएको छ ।

निरन्तरको प्रयास, लगाव र चुनौतीलाई पनि अवसरका रूपमा लिएर अघि बढ्दा मात्रै सफलतामा पुग्न सकिन्छ भन्ने सिकाइ यो अभियानले दिएको छ । यो अभियान सहज र सजिलो थिएन । विवाद जारी थियो । सुरुमा कम्पनीले भन्यो- संस्था हाम्रोविरुद्ध गाउँले उचाल्न आयो । उता पुरानो समूहलाई भेट्यो यता नयाँले शङ्का गर्ने र नयाँलाई भेट्यो, उता पुरानाले शङ्का गर्ने अवस्था केही समय बन्यो । यद्यपि संस्थाको उद्देश्य पवित्र थियो, विवाद समाधानमा सहजीकरण र आइपिपी योजनामा सकारात्मक प्रयास जारी राखियो । त्यसो हुँदा आएको दबाब र चुनौतीलाई पनि पार लगाउँदै अघि बढ्यौँ र यो उपलब्धिसम्मको स्थितिमा पुग्न सकियो ।

# आर्थिक प्रगति विवरण



गीता पण्डित
अपरेसन संयोजक

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, समतामूलक समृद्धिका लागि भूमि सुधारको लक्ष्य बोकेर भूमि-कृषि अभियानमा क्रियाशील भएको ३ दशक पुगेको छ। संस्थाले भूमि अधिकारबाट वञ्चितहरूको सचेतीकरण र सङ्गठन, प्रगतिशील भूमि-कृषि व्यवस्थाको पक्षमा जनमत निर्माण र कार्यगत अनुसन्धानका आधारमा नीतिगत पैरवी गर्दै आएको छ। संस्थाले भूमि अधिकारको साथमा दिगो कृषि र विपद्का जोखिम न्यूनीकरणको क्षेत्रमा पनि कार्यक्रम गरिरहेको छ। संस्थाको विधान, भूमि-कृषि अभियान रणनीति (सन् २०२०-२०२५) र आर्थिक व्यवस्थापन नियमावलीका आधारमा आर्थिक एवं मानवीय स्रोत व्यवस्थापन गर्दै आएको छ।

अब म, संस्थाको यस सोह्रौं वार्षिक सामाजिक लेखाजोखामा आ.व. २०७९/८० को वार्षिक बजेट र सोको उपयोग स्थिति एवं आ.व. २०८०/८१ को अनुमानित बजेट विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

संस्थाले आर्थिक वर्ष २०७९/०८० मा योजना गरिएका एवं केही थप कार्यक्रम कार्यान्वयनका लागि विभिन्न संस्थाबाट ९ करोड ९० लाख ४७ हजार ९ सय ५ रुपियाँ अनुदान प्राप्त गरेको थियो। जसमध्ये ८ करोड ९७ लाख ९९ हजार ५७ रुपियाँ (९१%) बजेट उपयोग भएको छ। यस आ.व.मा मौज्दात रहेको ९२ लाख ४८ हजार ८ सय ४८ आ.व. २०८०/०८१ का लागि उपयोगमा ल्याइएको छ। (अनुसूची- १)

आ.व. २०७९/०८० मा उपयोग भएको बजेटमध्ये कार्यक्रमतर्फ ६ करोड ६३ लाख ५७ हजार ८० रुपियाँ (७३%), मानव संसाधन व्यवस्थापनतर्फ १ करोड ४१ लाख ३५ हजार ५ सय ८३ (१६%), उपकरण खरिदतर्फ १४ लाख ८८ हजार ९ सय ६५ रुपियाँ (२%), कार्यालय व्यवस्थापनतर्फ ३५ लाख ९३ हजार ६ सय ९८ रुपियाँ (४%) र यातायात तथा दैनिक भ्रमणतर्फ ४२ लाख २३ हजार ७ सय ३१ रुपियाँ (५%) उपयोग भएको छ। (अनुसूची- २)

संस्थाको आन्तरिक कोष तथा सम्पत्तितर्फ आ.व.२०७९/८० मा २५ लाख ९९ हजार ५२ रुपियाँ आम्दानी भएकामा २५ लाख ८ हजार ४ सय १२ रुपियाँ खर्च भई ९० हजार ६ सय ४० रुपियाँ बजेट मौज्दात छ। यो रकम मूलतः परियोजनाबाट नपुग रकम कर्मचारी व्यवस्थापनमा उपयोग भएको छ। (अनुसूची- ३)

यस आ.व. २०७९/८० सम्ममा संस्थाको स्थिर सम्पत्ति २ करोड १३ लाख ९६ हजार ५४ रुपियाँ बराबरको रहेको छ।

साथै संस्थाको मुद्दती खातामा १ करोड ३४ लाख रुपियाँ र अन्य संस्थागत खातामा र मुद्दती खाताबाट प्राप्त व्याजसमेत गरी एकमुष्ट २४ लाख १९ हजार ९ सय २७ रुपियाँ ५३ पैसा गरी जम्मा १ करोड ५८ लाख १९ हजार ९ सय २७ रुपियाँ ५३ पैसा रहेको छ।

भूमि-कृषि अभियानको रणनीतिपत्र (सन् २०२०-२५) मा उल्लेख कार्यक्रमहरू सञ्चालनका लागि उक्त रणनीतिपत्रमा प्रस्तावित स्रोत व्यवस्थापन कार्यनीतिहरूलाई क्रमशः कार्यान्वयन गरिँदै लगिएको छ। सोहीअनुरूप आ.व. २०८०/८१ का लागि १० करोड ३ लाख ७१ हजार ८ सय ९६ रुपियाँ बजेट योजना गरिएको छ। अघिल्लो वर्ष ७ करोड ३२ लाख २५ हजार ४ सय १६ रुपियाँ बजेट अनुमान गरिएकोमा लक्ष्य भन्दा करिव २ करोड बढी स्रोत जुटाइ उपयोगमा ल्याइएको छ। (अनुसूची- ४)

संस्थाको रणनीति र कार्ययोजनाअनुरूप कार्य सञ्चालनका लागि थप र नयाँ संस्थाहरूसँग सहकार्यको प्रयास भइरहेको छ। निरन्तर सहयोग प्राप्त भइरहेका संस्थाहरूसँग नियमित छलफल, समीक्षा एवं कार्यक्रमको गुणात्मकतामा र भरपर्दो सञ्चारमा जोड दिइएको छ।

सम्पूर्ण कर्मचारीको दुर्घटना एवं स्वास्थ्योपचार बीमालाई निरन्तरता दिइएको छ। लेखापरीक्षण प्रतिवेदनलाई वार्षिकरूपमा साधारण सभापश्चात वेभसाइटमार्फत सार्वजनिक गरिँदै आइएको छ। नयाँ कर्मचारी भर्ना लिँदा रेफरेन्स चेक अनिवार्य गरिएको छ। आगामी दिनमा रणनीतिक प्राथमिकताअन्तर्गतका विभिन्न पहल एवम् कार्यक्रम सञ्चालनका लागि संस्थाको मूल्य/मान्यतालाई दृढतापूर्वक आत्मसात गर्दै दिगो एवम् प्रभावकारी स्रोत व्यवस्थाका लागि आवश्यक कार्य







भइरहेको छ। जसअन्तर्गत भूमि-कृषिसम्बन्धी सवालमा अध्ययन, अनुसन्धान, नवप्रवर्तनलगायत अन्य सान्दर्भिक पहलमा सहकार्य गरी स्रोत साझेदारी एवम् विज्ञ सेवा प्रदान गरी स्रोत निर्माणको समेत सुरु भएको छ।

भूमि अधिकार अभियानका लागि स्रोत पाउन कठिन भइरहेको यथार्थमा निरन्तरको प्रयासबाट यस क्षेत्रका लागि पनि स्रोत बढाउँदै लगिएको र आगामी दिनमा भूमि अधिकारको क्षेत्रमा अझ दृढतापूर्वक काम गरिने र उपलब्ध स्रोतलाई अझ बढी मितव्ययी र पारदर्शीरूपले उपयोगमा ल्याइनेछ।

## अनुसूची १ : आ.व. २०७९/८० को बजेट र उपयोगको अवस्था

| सहयोगी संस्था/कार्यक्रम | प्राप्त रकम रू. | उपयोग रकम रू. | मौज्दात रकम रू. |
|---|---|---|---|
| एसियन एनजिओ कोलिसन : सिभिक स्पेससम्बन्धी अध्ययन | १२७,८४९ | १२७,८४९ | ० |
| अन्तर्राष्ट्रिय भूमि सञ्जाल : सञ्जाल सबलीकरण एवं भूमि अधिकार अभियान | ३,२३८,५०० | ३,२३८,५०० | ० |
| पिपुल इन निड<br>प्रतिबद्ध-२ | २७,७४२,४२९ | ३०,३६६,९५५ | (२,६२४,५२६) |
| दिगो समाधान | ९,५७०,१०७ | ९,५७०,१०७ | ० |
| परराष्ट्र मन्त्रालय, चेक गणतन्त्र : आपत्कालीन आश्रयस्थल निर्माण एवं स्थानीय उद्धार केन्द्र सबलीकरण | २०,७१३,८१९ | २०,६७८,०४० | ३५,७७९ |
| अक्सफाम नोभिव<br>त्रिशूली-१, अध्ययन एवं वकालत | २,६४०,०५५ | ३,०८५,५६९ | (४४५,५१४) |

| सहयोगी संस्था/कार्यक्रम | प्राप्त रकम रू. | उपयोग रकम रू. | मौज्दात रकम रू. |
|---|---|---|---|
| अक्सफाम नेपाल<br>मानव प्रकृति समन्यायिक अवधारणा | २,९६०,२०१ | २,९६०,२०१ | ० |
| युएन ह्याबिटाट<br>उद्देश्य सापेक्षित भूमि सुधार कार्यक्रम | ४,३९९,५१३ | ४,६८३,३६६ | (२८३,८५३) |
| माइक्रो क्रेडिट टु मदर्स<br>भूमिहीन महिलाको सहकारीलाई अनुदान | १९६,६१० | ९,८२० | १८६,७९० |
| वर्ल्ड जिविस रिलिफ<br>मानवीय सहायता कार्यक्रम, बाजुरा | २,६२८,८६५ | २,३९७,४८७ | २३१,३७८ |
| समुदायको अगुवाइमा जलवायु उत्थानशील भूमि-कृषि अभियान | १३,९१०,३२० | ४,५०३,०७० | ९,४०७,२५० |
| एक्सनएड नेपाल<br>भूमि अधिकार अभियान र भूशासनको स्थानीयकरण | २,०९६,४७७ | १,१२८,८६८ | ९६७,६०९ |
| ह्याबिटाट फर ह्युमिनिटी<br>पर्याप्त आवासका लागि भूमि अधिकार | ८७७,३०६ | ११९,७४४ | ७५७,५६२ |
| फोरम एसिया<br>तथ्य खोज अध्ययन एवं प्रतिवेदन लेखन | २,७६९,१६० | १,५८१,०४२ | १,१८८,११८ |
| स्टकहोम इनभायोरेन्टमेन्ट इन्स्टिच्युट<br>दक्षिण एसियामा भूमिहीन, महिला र आदिवासी जनजातिको भूमि अधिकारको सुरक्षा | ४,८०१,०४० | ५,००५,८६२ | (२०४,८२२) |
| एनएचएसआरपी | ३७५,६५४ | ३४२,५७७ | ३३,०७७ |
| **जम्मा** | ९,९०,४७,९०५ | ८,९७,९९,०५७ | ९२,४८,८४८ |

## अनुसूची २ : बजेट उपयोगको अवस्था

| (क) कार्यक्रमतर्फ | खर्च रू. | प्रतिशत |
|---|---|---|
| १. भूमि-कृषि आन्दोलनको समग्र सुदृढीकरण र विस्तार | ८८९७०१२ | १०% |
| २. भूमि-कृषि सवालमा ज्ञान निर्माण, कार्यगत अनुसन्धान र प्रकाशन | ६,३१९,६७८ | ७% |
| ३. भूमि-कृषिसम्बन्धी नीतिगत बहस र सुशासन प्रबर्द्धन | ४६,३६,२०८ | ५% |
| ४. दिगो कृषि, कृषि सहकारी र सुरक्षित जीविका प्रणालीको विकास | ३१,३५,९२८ | ३% |
| ५. भूमि-कृषि सवालको विश्वव्यापी आन्दोलन सुदृढीकरणमा योगदान | ४४,९८,४९४ | ५% |

| | | |
|---|---|---|
| ६. विपद् व्यवस्थापन | ३,७५,३८,३८७ | ४२% |
| ७. अनुगमन र मूल्याङ्कन | १३,३१,३७२ | १% |
| **जम्मा** | ६,६३,५७,०८० | ७३% |
| **(ख) कार्यक्रम व्यवस्थापनतर्फ** | | |
| १. मानव संसाधन खर्चहरू | १४,१३५,५८२.७ | १६% |
| २. उपकरण खरिद | १,४८८,९६५ | २% |
| ३. कार्यालय व्यवस्थापन र साधारण खर्चहरू | ३,५९३,६९८ | ४% |
| ४. यातायात, भ्रमण तथा दैनिक भ्रमण खर्च | ४,२२३,७३१ | ५% |
| जम्मा व्यवस्थापन | २३,४४१,९७७ | २७% |
| **कुल जम्मा खर्च** | ८,९७,९९,०५७ | १००% |

## अनुसूची ३ : संस्थाको आन्तरिक कोष तथा सम्पत्तितर्फ आम्दानी र खर्च

| आम्दानीतर्फ | रकम रू. | खर्चतर्फ | रकम रू. |
|---|---|---|---|
| सदस्यता नवीकरण शुल्क | ८,७५० | संस्था नवीकरण खर्च | ६,८५० |
| विविध (व्यक्तिगत सहयोग, चन्दा आदिबाट) | ९७९,२५५ | सम्पत्तिमा ह्रासकट्टी | ६४,०५९ |
| ओभरहेड | १०,९३,०७०.१८ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था एवं सञ्जालको सदस्यता शुल्क | ११६,२७८ |
| ब्याज आम्दानी | ३,४५७.९६ | कर्मचारी तलब | ९५६,५९२ |
| आइएम स्विडिस | ४७२,९६९ | अगुवा कार्यकर्ताको नेतृत्व विकास तालिम | ४७२,९६९ |
| अन्य आम्दानी | ४१,५५० | वार्षिक साधारण सभा | ९८,३६७ |
| | | सामाजिक लेखाजोखा | १९४७२३ |
| | | आन्तरिक लेखापरीक्षण | ८४,७५० |
| | | बाह्य लेखापरीक्षण | १६९,५०० |
| | | जिल्ला भूमि अधिकार मञ्चको अभियान खर्च | २४०,४०० |
| | | मर्मत तथा व्यवस्थापन खर्च | ३३,९२४ |
| | | समाज कल्याण परिषद् अनुगमन तथा भ्रमण खर्च | ७०,००० |
| **जम्मा रकम** | २,५९९,०५२ | **जम्मा खर्च** | २,५०८,४१२ |

## अनुसूची ४ : आर्थिक वर्ष २०८०/०८१ को आय-व्यय अनुमान

| अनुमानित आय | | | अनुमानित व्यय | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **स्रोत** | **रकम रु.** | **क्र.सं.** | **कार्यक्रम** | **रकम रु.** |
| १ | एड्गक | ५००,००० | १ | भूमि-कृषि अधिकार अभियान (प्राथमिकता-१) | १,८९,००,००० |
| २ | आइएलसी | ६,१००,००० | २ | अध्ययन एवं नीतिगत वकालत (प्राथमिकता-२ र ३) | १२,२२५,४१६ |
| ३ | अक्सफाम नोभिव | ६३,६०,००० | ३ | त्रिशूली-१ अध्ययन एवं वकालत | ६३,६०,००० |
| ४ | अक्सफाम नेपाल | १,३५०,००० | ४ | विपद् व्यवस्थापन | १,८८,०५,९६८ |
| ५ | एक्सनएड नेपाल | १,५००,००० | ५ | जलवायु उत्थानशील भूमि-कृषि कार्यक्रम | ३७,८०५,९२८ |
| ६ | पिपुल इन निड | २५,११५,९६८ | ६ | उद्देश्य सापेक्ष भूमि प्रशासन | ४२,००,००० |
| ७ | केयर नेपाल | २,०००,००० | ७ | संस्थागत विकास | २०,७४,५८४ |
| ८ | युनह्याबिटाट | १६,०००,००० | | | |
| ९ | वर्ल्ड जिविस रिलिफ | २९,२४२,१२८ | | | |
| १० | एसिया नेपाल | ८,५६३,८०० | | | |
| ११ | अन्य संस्था र स्रोतबाट | ३६,४०,००० | | | |
| | **जम्मा** | १००,३७१,८९६ | | **जम्मा** | १००,३७१,८९६ |

## कार्यक्रम र व्यवस्थापनतर्फ खर्च अनुमान

| | | |
|---|---|---|
| कार्यक्रम | ७३,२७१,४८४ | ७३% |
| समीक्षा, अनुगमन तथा मूल्याङ्कन | २,००७,४३८ | २% |
| भ्रमण तथा यातायात | २,००७,४३८ | २% |
| कर्मचारी तलव | १९,०७०,६६० | १९% |
| प्रशासनिक एवं कार्यालय व्यवस्थापन | ४,०१४,८७६ | ४% |

## भिडियो प्रस्तुति

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सञ्चालन गरेको कार्यक्रम र यसबाट समुदायमा परेको प्रभावको उपलब्धि चित्र समेटी भूमि अधिकारकर्मी कुमार थापाले तयार गर्नुभएको भिडियो डकुमेन्ट्री सामाजिक लेखाजोखा कार्यक्रममा प्रस्तुतीकरण गरिएको थियो ।

# लेखापरीक्षकको विश्लेषण



## किरण डंगोल
चार्टड एकाउन्टेन्ट, जेभि राजभण्डारी एन्ड डिविन्स

आत्मनिर्भर केन्द्रमा आवश्यक नीतिहरू छन् र ती कार्यान्वयन भइरहेका छन्। अहिले व्यवस्थापकीय भार विगत भन्दा घट्दो छ। वित्तीय प्रतिवेदन ९० प्रतिशत बढी संस्थाकै ढाँचामा तयार हुन थालेको छ। आन्तरिक नियन्त्रण प्रणाली, संस्थागत सुशासन र दिगोपना संस्थाका लागि महत्त्वपूर्ण पक्ष हुन् जुन यो संस्थाले अभ्यास गर्दै आएको पायौँ।

यो संस्थाको एउटा राम्रो अभ्यास के छ भने एउटा अडिटरलाई ३ पटक भन्दा बढी अडिट गर्न नियुक्त गर्दैन। त्यो पनि राम्रो पक्ष हो। यसले पनि सुशासनलाई बलियो बनाउन मद्दत गर्छ।

केही सुधारका पक्षहरू पनि बाँकी छन्। करहरू तिर्दा केही ढिलाइ भएको देखिन्छ। साना साना काममा पनि उत्तिकै महत्त्व दिनुपर्छ। आन्तरिक नियन्त्रण प्रणाली डाइनामिक (परिवर्तनशील) हो। आज लागु गरिएको नीति सधैँ उपयुक्त भइरहन्छ भन्ने छैन। त्यो परिवर्तनहरू गर्दै जानुपर्ने हुन्छ। यो सुधार गर्दै जानुपर्ने हुन्छ।

संस्थाको आफ्नै भवन छ। काम राम्रोसँग गरिरहेको छ। संस्था मूलतः बाहिरी स्रोतमा निर्भर छ। तर, सहयोगी निकाय धेरै छन्। त्यो पाटोबाट हेर्दा यो संस्थाको भविष्य राम्रो छ किनकि धेरै संस्थासँग सहकार्य छ। भविष्यमा अझ कसरी संस्थागत दिगोपना बढाउने भन्ने विषयमा ध्यान दिनुपर्छ।

# खुला छलफल

## लाक्पा तामाङ
**अध्यक्ष, आइपिपी बोर्ड**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रसँग २०७९ सालदेखि जोडियौँ । हामी माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना प्रभावित क्षेत्रका पीडित बासिन्दा हौँ । जलविद्युत् कम्पनीले हामी आदिवासी जनजाति तामाङ समुदायले पुस्तौँदेखि उपभोग गर्दै आएको जल, जङ्गल र जमिन लियो । त्यो लिँदा कम्पनीले आदिवासी तामाङ भाषा, संस्कृतिको संरक्षण र सम्बर्द्धनमा सहयोग गर्ने प्रतिबद्धता गरेको थियो । यस्तो प्रतिबद्धता गरेर पनि ५ वर्ष बितिसकेको थियो ।

यही अन्योलको अवस्थामा हामीलाई यो संस्थाले सहयोग गऱ्यो । संस्थाले गाउँ सचेतीकरण अभियान गऱ्यो । आइपिपी बोर्ड नेतृत्वमा भएको विवाद समाधान गर्नका लागि भूमिका खेल्यो । आदिवासी जनजाति योजना (आइपिपी) कार्यान्वयनका लागि आवश्यक कार्यक्रम सञ्चालन निर्देशिका तयारी गर्नका पनि सहयोग गऱ्यो । हामी यस्तो सहयोगबाट खुसी छौँ । अब हामीलाई कार्यक्रम कार्यान्वयन र थप कार्यमा पनि संस्थाको सहजीकरण सहयोग आवश्यक छ ।

## नवराज गुरागाईं
**अध्यक्ष, जिल्ला भूमि अधिकार मञ्च सिन्धुपाल्चोक**

सिन्धुपाल्चोक जिल्लामा भूमि अधिकार अभियानको सुरुवात नै आत्मनिर्भर केन्द्रले गरेको हो । अहिले अलिक कमजोर भएको छ । संस्थाको आर्थिक पारदर्शिता र जवाफदेहिताको पाटो धेरै राम्रो छ । यस्तो सामाजिक लेखाजोखाको कार्यलाई गाउँ, वडा र पालिका तहमा पनि पुग्ने वातावरण बनाउनुपऱ्यो । प्रस्तुति हेर्दा मुख्य भूमि आन्दोलनको पाटोमा खर्च खुम्चिएको पायौँ । जुन आन्दोलनले आत्मनिर्भर केन्द्रलाई यहाँसम्म ल्याइपुऱ्यायो त्यो अहिले कमजोर भएको हो कि भन्ने लाग्यो । यसलाई प्राथमिकतामा राख्नैपर्छ ।

## भवानीप्रसाद न्यौपाने
**अध्यक्ष, जिल्ला भूमि अधिकार मञ्च रसुवा**

२०६३ सालदेखि आत्मनिर्भर केन्द्रसँग जोडियौँ । संस्थाकै सहयोगमा भूमि अधिकार अभियान उठायौँ । केही उपलब्धि पनि प्राप्त भएका छन् । यो संस्थाको आर्थिक पारदर्शिता राम्रो छ । लेखापरीक्षकले नै संस्थाको राम्रो पक्ष बताउनुभयो । सामाजिक लेखाजोखाको अभ्यास राम्रो र सुशासनको महत्त्वपूर्ण पाटो भएकाले स्थानीय सरकारले पनि यो अभ्यासबाट सिक्न जरुरी छ ।

## चमेली देउजा,

**बाह्रबिसे-७ टङ्सार, सिन्धुपाल्चोक**

हामी विपद्बाट पीडित थियौँ। पहिरोले जोखिम बनाएर दुःख दिएको थियो। विपद्को त्रास सधैँ हुन्थ्यो। केही समय अरूको जग्गा भाडामा लिएर अस्थायी टहरोमा पनि बस्यौँ। आत्मनिर्भर केन्द्रको सहजीकरणमा भौगर्भिक अध्ययन, जोखिम पहिचान र सरकारको अनुदानले सुरक्षित जग्गा खरिद र घर निर्माणको काम गर्‍यौँ। अहिले हामी सुरक्षित घरको छानामुनि बस्न पाउँदा खुसी लागेको छ।

## सोमप्रसाद भण्डारी,

**पूर्वअध्यक्ष, राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल**

यो संस्थाको इतिहास लामो छ। धेरै सङ्घर्ष पार गर्दै यहाँसम्म आइपुगेको छ। भूमि अधिकार अभियानको सुरुवात २०५१ सालदेखि यही संस्थाको अगुवाइमा भएको हो। संस्थागत सुशासन महत्त्वपूर्ण कुरा हो। हरेक वर्ष सामाजिक लेखाजोखामार्फत यो संस्थाले त्यो अभ्यास पनि गर्दै आइरहेको छ। जहाँ जहाँ समस्या परेको छ, त्यहाँ गएर संस्थाले सहयोग र सहजीकरण गरिरहेको छ। त्यसले समुदायलाई धेरै नै सहयोग पुगेको छ।

आजको प्रस्तुति हेर्दा भूमि आन्दोलनमा खर्च कम भएको देखियो। अन्य क्षेत्रमा बढी खर्च देखियो। मञ्च किन पछाडि पर्‍यो ? मञ्चको व्यवस्थापन र परिचालनमा किन कमी हुँदै गयो ? अब त्यसमा पनि समीक्षा गरौँ। यो संस्थाले गर्ने मुख्य काम भूमिहीन समुदायकै पक्षमा केन्द्रित हुनुपर्छ। साथै यस्ता कार्यक्रममा अभियान र संस्थालाई सहयोग गर्ने, यहाँसम्म ल्याइपुर्‍याउनेहरूलाई सम्झने, कदर गर्ने अभ्यास पनि सुरुवात गर्दा अझ प्रभावकारी हुन्छ होला।

## रामपरीक्षण मोची

**साधारण सदस्य, आत्मनिर्भर केन्द्र**

हाम्रोतिर यस्तो सामाजिक लेखाजोखा कसैले गर्दैनन्। यो संस्थाको सामाजिक लेखाजोखा सिक्न लायक छ। यो संस्था र भूमि आन्दोलनप्रति दलित र भूमिहीनले धेरै आशा राखेका छन्। तराईमा दलितहरू अत्यन्तै कष्टकर जीवन बाँचिरहेका छन्। ५ धुर, १० धुर जग्गामा धेरै दलित परिवारहरू दुःखले बसेका छन्। जीविकापोर्जन गर्न कठिन छ। अहिलेको आयोगले पनि दलितलाई जग्गा बाँड्ने भन्यो। आशा देखायो तर खै त अहिलेसम्म पाउन सकेनौँ। दुःख लागेको छ। यो संस्थाले अब सहजीकरण गरी भूमिहीनलाई जग्गा दिलाउन सहयोग गर्नुहुन अनुरोध गर्दछु।

## तोया गौतम
### अध्यक्ष, ओजश्वी इन्स्टिच्युसन

आत्मनिर्भर केन्द्रले राम्रो सामाजिक लेखाजोखा गर्छ, शायदै अन्य संस्थाले गर्छन् । हरेक गैरसरकारी संस्थाले यो गर्नु जरुरी छ । तर समय सन्दर्भअनुसार परिवर्तन पनि गर्दै जानुपर्छ । प्रणालीमा अझ ध्यान दिन सकियो भने राम्रो हुन्छ । नागरिक समाज र संस्थाहरूका लागि यो उदाहरणीय बन्दै जानेछ । अधिकारवालाहरूको कुरा पनि सुन्यौं । उनीहरूका आशा र भरोसा यो संस्थाहरूसँग धेरै नै भएको देखिन्छ । संस्थाले त्यता पनि ध्यान दिएर सहयोग गर्नुपर्छ ।

## भरत भण्डारी
### कार्यकारी निर्देशक, लिवर्ड

सामाजिक लेखाजोखामार्फत आत्मनिर्भर केन्द्रको काम र उपलब्धि जान्ने अवसर पाइयो । साना किसान र भूमिहीनसँग काम गर्न चुनौती पनि छ । हामी पनि यस्तै अभियानमा काम गर्छौं । बेलाबेला आत्मनिर्भर केन्द्रसँग सहकार्य पनि गर्ने गरेका छौं ।

कृषि अधिकारको क्षेत्रमा अभियान बढाउनु जरुरी छ । किसानहरूको जीविकोपार्जनमा टेवा पुऱ्याउने खालको कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । सबैको खाना पाउने अधिकारको सुरक्षा गर्ने अभियान पनि महत्त्वपूर्ण छ । भूमिको व्यवस्थापन नभई किसानको अधिकार सुरक्षित हुँदैन । किसानको अधिकार सुरक्षाका लागि अभियान, बहस र पैरवी पर्याप्त गर्न ढिला भइसकेको छ । हामी मिलेर यस विषयमा सहकार्य गर्न तयार छौं ।

## रामहरि अधिकारी
### कार्यसमिति सदस्य, नेपान

आत्मनिर्भर केन्द्रले समुदाय तहमा भूमिहीनहरूलाई जागरण र सशक्तीकरण गरेको कार्य राम्रो छ । यो महत्त्वपूर्ण काम पनि हो । अहिलेको समयमा भूमिमा आश्रित परिवारलाई आयोगसँग जोडेर जग्गा पाउने काममा सहजीकरण गर्न जरुरी छ । यस्तो सामाजिक लेखाजोखा कार्यक्रम समुदायमै गएर गर्दा राम्रो हुन्छ र यस्तो प्रक्रियामा बढी भन्दा बढी सहभागिता गराउन सक्दा राम्रो हुन्छ । संस्थाले गरेको काम समुदायले थाहा पाउन पनि जरुरी छ ।

भूमिहीन तल्लो समुदाय तहमा बस्छन् । भूमिको व्यवस्थापन कसरी गर्ने ? भूमिमा आश्रित समुदायलाई कसरी जीविकोपार्जन सहज बनाउने भन्ने चुनौती पनि छ । भूमिको अधिकार सुनिश्चित गराउनका लागि आवश्यक लबिङ र पैरवी गर्न उनीहरू सक्दैनन् । त्यसका लागि आत्मनिर्भर केन्द्रले गरिरहेको सहयोग महत्त्वपूर्ण छ । यसलाई अझ बढाउन जरुरी छ ।

# मन्तव्य



## दिछेन शेर्पा

**उपाध्यक्ष, भोटेकोसी गाउँपालिका, सिन्धुपाल्चोक**

आत्मनिर्भर सेवा केन्द्रले गरिरहेको कामका लागि सम्मान दिन चाहन्छु। संस्थाले भूमि अधिकार र विपद्को क्षेत्रमा गरेको काम धेरै महत्त्वपूर्ण छ।

स्थानीय सरकारसँग मिलेर गरेको काम राम्रो लाग्यो। यो संस्थाले भोटेकोसी गाउँपालिकामा विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा काम गरेको छ। जोखिम क्षेत्रमा बसोबास गरिरहेका बस्तीहरूलाई स्थानान्तरणका लागि पनि सहयोग गर्‍यो। प्रतिकार्यको योजना निर्माण र नीति बनाउनका लागि सहयोग पार्‍यौं। क्षमता विकासका विभिन्न तालिम पनि उपलब्ध गराएको थियो। हामीले जोखिमबाट कसरी बच्ने भन्ने विषयमा नमुना अभ्यास पनि गर्‍यौं। राम्रो सिकाइ भयो।

भूमि सुधार सँगसँगै वातावरण पनि जोगाउनुपर्छ भनेर बायोइन्जिनियरिङको काम पनि सँगसँगै अघि बढाएका छौं। पुनर्स्थापनाको काममा पनि कागजात सङ्कलन, जग्गा खोजी र बस्ती स्थानान्तरणमा पनि राम्रो सहयोग पाएका थियौं। यो कामबाट हामी खुसी र सन्तुष्ट छौं। त्यो राम्रो पक्ष हो। अबका दिनमा भूमि सुधार र भूमि अभियानको काममा सहकार्य गरेर जानुपर्छ, हामी सहकार्य गर्न तत्पर छौं।



## चन्द्रबहादुर थिङ

**अध्यक्ष, जिल्ला भूमि अधिकार मञ्च रौतहट**

भूमि आन्दोलनमा जोडिएको १८ वर्ष पुग्यो। पहिले पहिले अभियानका लागि धेरै सहयोग प्राप्त हुन्थ्यो। बीचमा सहयोग भएन। रौतहटमा १६ नगरपालिका र २ गाउँपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको निवेदन पेस भई जग्गा दर्ताका लागि अभियान गरिरहेका छौं। रौतहटमा २ स्थानीय तहले अझै पनि भूमि आयोगसँग सम्झौता गरेका छैनन्। त्यहाँ निवेदन पेस गर्न पाइएको छैन।

जग्गा दर्ताका लागि नापीको काम अघि बढेको छ। जग्गा पाउने प्रक्रिया पनि अलमलमा छ। भूमिहीनहरू दुःखले बसेका

छन् । जग्गा पाइदिए हुन्थ्यो भन्ने आशा धेरै छ । जतिवटा आयोग बने पनि पुर्जा पाउन सकिएन । यसपालि चाहिँ पाउने आशा ठूलो छ । यसका लागि अभियानका तर्फबाट दबाब सिर्जना गरौँ ।



## अर्जुनप्रसाद हरिजन

**अध्यक्ष, जिल्ला भूमि अधिकार मञ्च रूपन्देही**

अहिलेको आयोगले भूमिहीनलाई थोरै र अव्यवस्थित बसोबासीलाई धेरै जग्गा दिँदैछ । यसले अलमल गरायो । भूमिहीनलाई पो बढी दिनुपर्ने हो त । ऐलानी जग्गामा बस्ने भूमिहीनलाई चाहिँ थोरै, अव्यवस्थित बसोबासीलाई चाहिँ धेरै भयो । अन्याय भएन र ? सुकुमबासीहरूका एउटै जग्गा र घरमा परिवार सङ्ख्या धेरै बसेका छन्, उनीहरूलाई त झन अन्याय हुने भयो । कतिपयले वर्षौंदेखि नागरिकता नभएर आयोगमा निवेदन पनि पेस गर्न पाएनन् । यसका लागि पदि दबाब सिर्जना गर्नुपर्छ कि भन्ने मेरो अनुरोध छ । भूमि अभियानलाई यो अवस्थासम्म ल्याउन धेरै सङ्घर्ष गर्‍यौं । धर्ना बस्यौं । आन्दोलन गर्‍यौं । तर उपलब्धि हात पार्न अझै मेहनत गर्नुपर्ने देखिन्छ ।



## लाउरा ह्यान्डी (भिडियोमार्फत)

**जलवायु उत्थानशील कार्यक्रम व्यवस्थापक, वर्ल्ड जिविस रिलिफ**

२०७२ को भूकम्पपछि विगत ८ वर्षदेखि आत्मनिर्भर केन्द्रसँग साझेदारी गरिरहेका छौं । यो साझेदारीमार्फत विपद् प्रतिकार्य, अस्थायी आवास निर्माण र केही अल्पकालीन जीविकोपार्जन पुनर्उत्थान कार्यमा सहयोग गर्न पाउँदा वास्तवमै प्रभावित छौं ।

कोभिड-१९ महामारी र नेपालको पश्चिम (बाजुरा) मा भूकम्प प्रकोपहरूको प्रतिकार्यमा साझेदारीका रूपमा सँगै काम गर्न पाउँदा खुसी छौं । अहिले दीर्घकालीन रूपान्तरणकारी जलवायु उत्थानशील भूमि कृषि कार्यक्रममा सँगै काम गर्दैछौं ।

एउटा साझेदार संस्थाका रूपमा हेर्दा आत्मनिर्भर केन्द्रका कर्मचारीसँग अत्यन्तै प्रभावित छु । उनीहरू आफ्नो कामप्रति समर्पित छन् । र, उद्देश्य हासिल गर्न भूकम्प, वर्षात् या पहिरोको जोखिमपूर्ण अवस्थामा पनि हिमाली तथा पहाडी क्षेत्रका समुदायमा समेत पुगेर काम गर्छन् । उनीहरू समुदायको सर्वोत्तम हितका लागि काम गर्छन् ।

वर्ल्ड जिविस रिलिफका बृहत् साझेदारहरूमध्ये आत्मनिर्भर केन्द्र सङ्गठित, व्यावसायिक र व्यवस्थित साझेदार संस्थाका रूपमा पाएका छौं । आत्मनिर्भर केन्द्रका सबै नीतिबाट प्रभावित छौं । वित्त नीति, मानव व्यवस्थापन नीति, खरिद व्यवस्थापन नीति र नगद व्यवस्थापनहरू राम्रा छन् । यी नीतिहरूबाट मानव स्रोत र वित्त प्रणाली राम्रोसँग सञ्चालन भएको पायौं ।





हामीले केही तालिम पनि प्रदान गर्‍यौं । यसमा सबै कर्मचारी सक्रिय सहभागी भई सिक्न उत्सुक हुनुभयो । खुसी लाग्यो । हामी आत्मनिर्भर केन्द्रले लिएको लक्ष्यहरूबाट प्रभावित छौं । यो संस्थासँग नेपालका सबै भूमिहीनलाई जमिनको अधिकार स्थापित गर्ने सम्बन्धमा प्रष्ट लक्ष्य छ ।

हाम्रो संस्थाले मानवीय सहायता क्षेत्रको विविध पक्षमा काम गरेको अनुभव छ । जसले अल्पकालीन रूपान्तरणमा मात्रै योगदान पुर्‍याउँछ । तर आत्मनिर्भर केन्द्रसँगको साझेदारीबाट दीर्घकालीन रूपान्तरणका लागि भूमि अधिकारको विविध पक्षमा सिक्नका लागि अवसर प्राप्त भएको छ ।

आत्मनिर्भर केन्द्रलाई नयाँ कुरा सिक्न उत्प्रेरित खुला संस्थाका रूपमा पायौं । संस्थाका कार्यकारी निर्देशक जगत देउजाले संस्था कसरी भूमि अधिकारको आन्दोलनबाट क्रमशः कृषि सुधार र जलवायु उत्थानशील कृषिकेन्द्रित अभियानमा लाग्दैछ भन्नेबारेमा धेरै कुरा बताउनुभएको छ ।

अबको केही वर्षमा नै आत्मनिर्भर केन्द्र र वर्ल्ड जिविस रिलिफको साझेदारी नयाँ चरणमा प्रवेश गर्नेछ । हामी उत्साहित छौं । सन् २०२५ मा साझेदारी १० वर्ष पुग्नेछ । अहिलेदेखि नै यो १० वर्षको उत्सवलाई मनाउनका लागि तयारी गरिरहेका छौं । यसका लागि कुनै विशेष प्रकाशन, एकापसमा सिकाइ आदान-प्रदान भ्रमण र सामाजिक सञ्जालमार्फत यो उत्सव मनाउनेछौं ।

हामीसँग जलवायु उत्थानशील भूमि-कृषि अभियानमा धेरै योजना छन् । हामी यो ३ वर्षको अवधिमा करिव २ हजार ५ सय किसानकोमा पुग्दैछौं । यो कार्यक्रममार्फत भूमिहीनलाई जमिनको स्वामित्व दिलाउन र जलवायुमैत्री भूमि-कृषि प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम गर्नेछौं । हामीले यो कार्यक्रममार्फत राम्रो उपलब्धि हासिल गर्न सकेमा अझै स्रोतको विस्तार गर्दै नेपालमा थप काम गर्दै धेरै किसानकोमा पुग्न सक्नेछौं ।

## मेघबहादुर बिसी

**कार्यबाहक अध्यक्ष, राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल**



सामुदायिक आत्मनिर्भर सेवा केन्द्र संस्थागत पारदर्शिता र प्रतिबद्वताअनुसार आज सोह्रौं वार्षिक सामाजिक लेखाजोखा गर्न सफल भएको छ। यो हाम्रा लागि पनि खुसीको कुरा हो। आत्मनिर्भर केन्द्रले नै भूमि अधिकार अभियानलाई यहाँसम्म ल्याएको हो। संविधानमा भूमिका मुद्दा लेख्न हामीले धेरै सङ्घर्ष गर्‍यौं। मञ्चको संस्थागत विकास र अभियानलाई देशव्यापी बनाउनका लागि यो संस्थाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ जुन हामी भूमि अभियानकर्मीहरूले भुल्नुहुँदैन।

भूमिहीनका समस्या समाधान गर्ने नाममा विगतमा विभिन्न आयोग बने तर काम भने हुन सकेन। अहिले बनेको आयोगको पनि ३ वर्षमात्र कार्यकाल हो जसमा २ वर्ष बितिसक्यो तर अहिले पनि देखिने गरी काम हुन सकेन। कतिपय जिल्लामा केही काम भए पनि अत्यन्तै धीमा गतिमा भइरहेको छ। गणतन्त्र आएपछि काम हुन्छ भन्ने थियो तर आशाअनुसार उपलब्धि हुन सकेन। अव हामीले फेरि पनि सङ्घर्ष गर्नुपर्ने बेला भएको छ।

अब छिटो भन्दा छिटो जग्गा वितरण, लालपुर्जा पाउने काममा सहजीकरण गर्नुपर्‍यो। राज्यका निकायहरूले भुइँ तहमा रहेका जनताको समस्या समाधान गर्नका लागि उचित ध्यान दिनुपर्छ। यसमा राष्ट्रिय भूमि आयोगको पनि उचित ध्यान जानुपर्छ।

## चमेली गुरुङ

**उपाध्यक्ष, उत्तरगया गाउँपालिका रसुवा**



आत्मनिर्भर केन्द्रले नियमितरूपमा सामाजिक लेखाजोजा गर्न थालेको सोह्रौं वर्ष पुगेकोमा संस्थाप्रति हार्दिक आभार व्यक्त गर्दछु। यो संस्थाले मानवीय संवेदनासँग जोडिएको विषयमा काम गरिरहेको छ। हामी पनि लामो समयदेखि यो संस्थासँग सहकार्य गर्दैछौं। जसबाट समुदायमा देखिनेखालको परिवर्तन आएको छ। लक्षित समुदायले पनि परिवर्तन महसुस गरेका छन्।

भूकम्पपछि के गर्ने ? कसरी गर्ने भन्नेसम्मको ऐन/कानुन नभएको अन्योलको स्थिति थियो। उत्तरगया भूकम्पले बढी क्षति गरेको पालिकामध्ये पर्छ। भूकम्पपछि सहकार्यमा काम गर्‍यौं। राज्यलाई समेत सघायौं। यस क्रममा विभिन्न कानुन बन्यो। बिस्थापितको पुनर्बास र स्थानान्तरणमा राम्रो सहयोग पायौं।

अझै पनि हामीकहाँ २५० भन्दा बढी बिस्थापित अस्थायी टहरोमा छन्। उनीहरूको व्यवस्थापनका लागि पनि भविष्यमा

सहकार्य गरेर अघि बढ्नुपर्ने आवश्यकता छ। म अनुरोध पनि गर्न चाहन्छु- बाँकी काम पनि मिलेर गरौँ। प्रभावित समुदायलाई सहयोग गरौँ।

पछिल्लो समयमा विपद् जोखिम न्यूनीकरणको काममा पनि सहकार्यमै अघि बढिरहेका छौँ। विपद्बाट कसरी जोगिने, विपद् हुँदा कसरी सुरक्षित रहने, त्यसको पूर्वतयारी कसरी गर्ने भन्ने विषयमा पनि हामीले सहकार्य गरिरहेका छौँ। विपद्को विषय पनि महत्त्वपूर्ण रहेछ। त्यो कार्यमा सिङ्गो स्थानीय सरकारलाई अहिले आत्मनिर्भर केन्द्रको प्रतिबद्ध परियोजनाले सहयोग पुऱ्याइरहेको छ।

साथै माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना प्रभावित आदिवासी जनजाति समुदायका लागि पनि यो संस्थाले सहयोग पुऱ्याइरहेको छ। यो काम पनि राम्रो रह्यो। यसले समुदायमा देखिनेखालको परिवर्तन ल्याउँदैछ। अन्योलताको अवस्थालाई सहजीकरण गर्दै आइपिपी कार्यान्वयनको चरणमा लग्दैछ।

रसुवामा बिर्ता र गुठीका समस्या पनि छन्। भूमिहीनका समस्या पनि छन्। जिल्लामा भूमि आयोगले सक्रिय भएर काम गरिदिएन। त्यसका लागि कसरी जाने होला ? मार्गदर्शन पनि जरुरी छ। हामीले आत्मनिर्भर केन्द्रलाई एउटा साझेदार संस्था भन्दा पनि अमूल्य साथीका रूपमा लिएका छौँ। भविष्यमा हाम्रो यात्रा निरन्तर रहनेछ भन्ने अपेक्षा पनि राख्छु।

## केशव निरौला

**अध्यक्ष, राष्ट्रिय भूमि आयोग**



आत्मनिर्भर केन्द्रको सोह्रौँ सामाजिक लेखाजोखा संस्थागत पारदर्शिता र समुदायप्रतिको प्रतिबद्धताका लागि असल अभ्यास हो। भूमि व्यवस्थापनको क्षेत्रमा आयोग एक्लो छैनौँ भन्ने महसुस भयो। यो काम सरकारले मात्रै गर्न पनि सक्दैन। नागरिक समाजको सहयोग र सहकार्य पनि उत्तिकै जरुरी छ। यो संस्थाले भूमि अधिकारको क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

अहिले आयोगमार्फत जे/जति काम भइरहेका छन्, त्यसबाट हामी सन्तुष्ट हुने ठाउँ छैन। अझै पनि सरकारले जनताका समस्या नसुनेका कुराहरू छन्। यसबारे आवाज उठिरहेका छन्। काममा हामीले गति बढाउनुपर्नेछ।

भूमि अभियान आन्दोलनकै व्यापक दबाब र पैरवीका कारण भूमि आयोग गठन भएको हो। यसैले भूमि आयोगले भूमिहीनको समस्या समाधान गर्न, भूमिहीनलाई लालपुर्जा वितरण गर्नका लागि ढिलाइ गर्नुहुँदैन भन्नेमा हामी सचेत छौँ।

करिव १० लाख निवेदनलाई सूचना प्रणालीमा प्रविष्ट गरिएको छ। अझै करिव ५ लाख फारम प्रविष्ट गर्न बाँकी छ। करिव ४४०० परिवारले लालपुर्जा प्राप्त गरिसके। १ लाख ९५ हजार कित्ता जग्गा नापी सकिएको छ। नापी कार्य भइरहेको छ।

भूमि वितरणका लागि यो आयोग अन्तिम बनोस् भन्ने उद्देश्य छ। जिल्ला समिति क्रियाशील हुन नसकेको गुनासो उठेको छ। जिल्ला समितिको पीडा र दुःख देखेको छु। तर सोचेअनुसार सफल हुन सकिरहेका छैनौं। जिल्ला आयोगका पदाधिकारीको पनि भावना सकारात्मक छ र क्रियाशील छन्। जिल्ला समितिमा ४ जना राजनीतिक नियुक्ति र ५ जना कर्मचारी हुने व्यवस्था छ। बहुमत समिति सदस्य कर्मचारी नै छन्। जसले गर्दा राजनीतिक निर्णय लिन कठिन भइरहेको छ। सहयोग कम छ। कर्मचारीहरू नियम र कानुनमा रहन खोज्छन्। राजनीतिक व्यक्तिहरू काम चाडै होस् भन्ने चाहन्छन्। लाइन मिलिरहेको छैन।

भूमि आयोगलाई विभिन्न नीति तथा कानुनले पनि समर्थन गरेनन्। १० वर्ष भन्दा पहिलेदेखि जग्गा जोतभोग र बसोबासको आधारमा लालपुर्जा दिने भनियो। तर कहिले वन ऐन त कहिले कुन ऐन भनेर अल्झाउन खोजिएको छ। रोक्न खोजिएको छ। वन ऐन भन्दा भूमि ऐन पछि आएको हो तर पनि यसमा उल्झन ल्याइएको छ। ऐनले संविधानलाई त काट्दैन नि। संविधानमै भएको व्यवस्था कार्यान्वयन गर्न खोज्दा पनि विभिन्नखालका उल्झन भोगिरहेका छौं। अहिले लगभग ४४ प्रतिशत वन क्षेत्र देखाइएको छ। वन क्षेत्र बढाउन अझै उद्यत छन् तर ३० प्रतिशत पनि वन छैन। बाँकी क्षेत्रमा धेरै वर्षदेखि मानिस बसोबास गरिरहेका छन्। खेतीपाती गरिरहेका छन्। जबर्जस्ती वन भनिएको छ। मानिसका समस्या समाधान नगरी वनको मात्रै कुरा गरेर पनि हुन्न होला।

हामी पनि सुकुमबासीका प्रतिनिधि हौं। भूमिहीनकै पक्षमा काम गर्छौं। उनीहरूकै समस्या समाधान गर्न केन्द्रित छौं। मन्त्रालयमा पटक-पटक गाँठो फुकाउनका लागि पहल गर्‍यौं तर सफल भएका छैनौं। अब वन मन्त्रालय र भूमि मन्त्रालयबीच यो रोकिएको विषयमा छलफल गरेर जानुपर्ने आवश्यकता छ।

भूमि आयोगसँग स्रोत र साधन थोरै भयो। पर्याप्त जनशक्ति भइदिएको भए अहिलेसम्म धेरै परिवारले लालपुर्जा पाइसक्थे। यो समस्या पनि आयोगले भोगिरहेको छ। स्थानीय सरकारसँगको सहकार्य राम्रो छ। उनीहरू नै हाम्रो काम गर्ने आधार हुन्। उनीहरूको सहयोगी भूमिका महत्त्वपूर्ण छ।

अहिलेको आयोगले वितरण गरेको लालपुर्जा विगतका आयोगले बाँडेको जस्तो हुने छैन। लालपुर्जा मान्यता प्राप्त हुन्छ। हामीले जुन उद्देश्य लिएका छौं, त्यो निष्कर्षमा पुर्‍याउनुपर्छ। यही वर्ष २ लाख मानिसले लालपुर्जा प्राप्त गर्न सक्ने आधार तय भएको छ। त्यही गतिमा काम भइरहेको छ। यो संस्थाको काम गर्ने शैली प्रभावकारी छ। राम्रो छ। भूमि आयोगसँगको सहकार्य बढाएर लैजानुपर्ने स्थिति छ। किनभने राष्ट्रिय भूमि आयोग यो काम जतिसक्दो चाँडो सक्ने योजनामा छ। त्यसका लागि आत्मनिर्भर केन्द्रको पनि सहयोग जरुरी ठानेका छौं।

# अध्यक्षको मन्तव्य



**गोपाल थापा मगर**
**अध्यक्ष, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

आजको सोह्रौँ सामाजिक लेखाजोखा कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय भूमि आयोगका अध्यक्षज्यू, विशेष अतिथि एवं अतिथिज्यूहरू, सहयोगी संस्थाका प्रमुख एवं प्रतिनिधि, उपस्थित सम्पूर्ण महानुभाव एवं सञ्चारकर्मी मित्रहरू !

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहजीकरणमा गत आ.व. २०७९/२०८० मा हासिल भएका मुख्य प्रगति एवं आर्थिक स्थिति आदिबारे संस्थाको प्रस्तुतिबाट यहाँहरू सबै जना स्पष्ट हुनुभएको विश्वास लिएको छु।

संस्थाले आफ्ना वार्षिक कार्यक्रमहरू पछिल्लो रणनीतिपत्र (सन् २०२० देखि २०२५) अन्तर्गत रहेर कार्यान्वयन गरिरहेको छ। जसमा भूमि-कृषि आन्दोलनको समग्र सुदृढीकरण, भूमि-कृषि सवालमा ज्ञान निर्माण, भूमि-कृषिसम्बन्धी नीतिगत बहस, दिगो कृषि, कृषि सहकारी र सुरक्षित जीविका, भूमि-कृषि सवालको विश्वव्यापी आन्दोलन र सञ्चालनमा योगदान प्रमुख प्राथामिकता रहेका छन्।

संस्थाले मूलतः भूमिहीन, सुकुमबासी, मुक्त हलिया, कमैया, कमलरी, हरुवा/चरुवा, मोही र साना किसानको भूमि अधिकारका लागि कार्य गर्दै आएको सबैलाई जानकारी भएको विषय हो। यी वर्गको जीवन झन्झन् कष्टकर बन्दै गइरहेको छ। देशको चरम आर्थिक मन्दी र जलवायु परिवर्तनको समेत असर यिनै सिमान्त वर्गमाथि परेको छ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र रूपान्तरणमुखी सोच र गतिशील प्रक्रियाका साथ अघि बढिरहेको छ। संस्थाले सरकारी एवं गैरसरकारी क्षेत्रका विभिन्न निकायसँग सहकार्य गर्दै आफ्नो लक्ष्यका खातिर दृढतापूर्वक कार्य गर्दै आएको छ। परिवारको तहदेखि नीतिगत तहसम्म मिहीन ढङ्गले काम गरिरहेको छ। जसको केही न केही प्रतिफल लक्षित अधिकारग्राहीवालासमक्ष पुगेको विश्वास लिएको छु।

संस्थाका हामी पदाधिकारी एवं सदस्यहरू पनि अर्धवार्षिक तथा वार्षिक समीक्षा बैठकलगायतका कार्यक्रमहरूमा सहभागी भई आफ्नो बुद्धि, विवेक, क्षमताअनुरूप योगदान गरिरहेका छौँ। दृढ अठोटका साथ कर्मक्षेत्रमा होमिनुभएका कर्मचारीको मेहनतलाई पनि म सम्झन चाहन्छु। साथै यस महत्त्वपूर्ण अभियानमा विभिन्नतवरले सहयोग गर्ने व्यक्ति एवं संस्थाहरूको सहयोगप्रति आभार व्यक्त गर्दछु।


भूमिहीन दलित, भूमिहीन किसान, अव्यवस्थित बसोबासी, सीमान्तकृत लक्षित वर्गहरूका लागि दीर्घकालीन ठोस योजनाहरू भूमिहीन किसानहरूकै पूर्ण सहभागितामा तर्जुमा गरिनुपर्दछ। आलोचनात्मक एवं सिकाइमूलक प्रक्रियालाई कार्यान्वयन क्रममा अपनाउन पनि उत्तिकै आवश्यक छ। समुदाय तहका सङ्गठनलाई स्वायत्त सङ्गठनका रूपमा अघि बढाउन पनि आवश्यक देखेको छु। संस्थाले आगामी दिनमा आफ्ना कार्यक्रमलाई अझ केन्द्रित र रूपान्तरणमुखी बनाउँदै लैजाने अठोट लिएको छ।

सोह्रौँ सामाजिक लेखाजोखामा यहाँहरूले उठाउनुभएका सवाल एवं सुझावहरू हाम्रा लागि मननयोग्य छन्। सुझावहरू कार्यान्वयन गरिने कुराप्रति यहाँहरूलाई आश्वस्त पार्न चाहन्छु। यस सामाजिक लेखाजोखा कार्यक्रममा उपस्थित हुनुभई महत्त्वपूर्ण सुझाव, सल्लाह एवं शुभकामना व्यक्त गर्नुहुने प्रमुख अतिथि एवं अतिथिज्यूहरूलगायत सम्पूर्ण उपस्थित महानुभावप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।


जयभूमि !

# सहभागीबाट प्राप्त सुझाव एवं पृष्ठपोषण

## १. आजको सामाजिक लेखाजोखा यहाँलाई कस्तो लाग्यो ?




## २. तपाईंलाई कार्यक्रमको सबैभन्दा राम्रो पक्ष के लाग्यो ?



| मुख्य सुझाव | संस्थाको प्रतिबद्धता |
|---|---|
| पछिल्लो समय भूमिको मुद्दाबाट अन्यत्र बढी समय दिएको हो कि जस्तो देखियो। यो संस्थाले अब भूमिको सवाललाई अलि बढी अभियानकै रूपमा लैजानुपर्‍यो। | विविध कारणले संस्थाको स्रोत र जनशक्ति भूमि अधिकारको सवालमा कम भएकै हो। गत आर्थिक वर्षबाट नै संस्थाले भूमि अधिकारको क्षेत्रमा स्रोत, समय र सामर्थ्य बढाएर लगेको छ। र, अझ केन्द्रित भएर काम गर्नेछ। |
| यस्तो सामाजिक लेखाजोखा समुदाय तहमा पनि गर्नु जरुरी छ। समुदायमा गरिने कामको लेखाजोखा समुदायमा नै गर्दा अझ प्रभावकारी हुन्छ। | निश्चित स्थानीय तहमा पनि सामाजिक लेखाजोखाको अभ्यास गर्दै आइएको छ। निश्चित कार्यक्रमहरू भएको स्थानीय तहमा यसलाई अनिवार्य गरिनेछ। |
| कार्यक्रम छोटो-मीठो बनाउनुपर्छ। वक्ता धेरै भए। त्यसैले सहभागी पूरै बसेनन्। | आगामी वर्ष प्रगतिको भिडियो र आर्थिक प्रतिवेदनलाई बोर्डमा राखेर बढी अन्तर्क्रियात्मक र छोटो बनाइनेछ। |
| कार्यक्रममा प्रभावित एवं पीडित समुदायबाट अझ बढी सहभागिता बढाउनुपर्छ। | सुझावहरू कार्यान्वयन गर्न सक्दो प्रयास गरिनेछ। यसलाई आगामी वर्ष फेसबुकमार्फत लाइभ (प्रत्यक्ष प्रसारण) गरिनेछ। |
| कोरोना तथा भूकम्पपछि सुस्ताएका सङ्गठनहरूलाई चलायमान बनाउन पुनः सबै जिल्लामा यस संस्थाले कार्यक्रम विस्तारमा सहयोग गर्नुपर्छ। | अधिकतम प्रयास गरिएको छ र अझै गरिनेछ। |



CSRC
आत्मनिर्भर केन्द्र


**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

भूमिघर, टोखा-७, धापासी, काठमाडौं, नेपाल
फोन : ९७७-१-४९६०४८६/४९५७००५/४९५७०३३
landrights@csrcnepal.org
www.csrcnepal.org